आज मिति २०७८/०८/२८ गतेका दिन बिहान ८ बजे बारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाका अध्यक्ष एवं गाउँ विपद व्यवस्थापन समितिका अध्यक्ष श्री फेन्चोक छेसेन गुरुङ ज्यूको अध्यक्षता मा निम्नानुसार विपद व्यवस्थापन समितिका पदाधिकारीहरुको को उपस्थितिमा गाउँ विपद व्यवस्थापन समितिको बैठक बसी देहायका प्रस्ताव उपर छलफल गरी देहाय अनुसार निर्णय गरीयो ।

**उपस्थितिः**

| दस्तखत | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| | श्री फेन्चोक छेसेन गुरुङ | अध्यक्ष | |
| | श्री दिकी गुरुङ | सदस्य (गा.पा.उपाध्यक्ष) | |
| | श्री ज्ञानेन्द्र शर्मा | सदस्य (प्रमुख प्रशासकीय अधिकृत) | |
| | श्री विपिन श्रेष्ठ | सदस्य (पुर्वाधार विकास शाखा प्रमुख) | |
| | श्री | सदस्य (प्रमुख इलाका प्रहरि कार्यालय छुसाङ) | |
| | श्री | सदस्य (प्रमुख इलाका प्रहरि कार्यालय मुक्तिनाथ) | |
| | श्री प्रकाश अधिकारी | सदस्य (प्रमुख कागबेनी प्रहरी चौकी) | |
| | श्री लक्ष्मी कुमारी गुरुङ | सदस्य (प्रतिनिधि वडा नं. ४) | |
| | श्री देवि गुरुङ | सदस्य (प्रतिनिधि वडा नं. ५) | |
| | श्री धर्पु गुरुङ | सदस्य (प्रतिनिधि वडा नं. ३) | |
| | श्री छवाङ नाम्ग्या गुरुङ | सदस्य (प्रतिनिधि वडा नं. १) | |
| | श्री कर्साङ आङ्मो गुरुङ | सदस्य (प्रतिनिधि वडा नं. २) | |
| | | | |
| | | | |

**प्रस्तावहरु**

१-विपद् व्यवस्थापन अन्तर्गतको विनियोजित बजेटबाट रकम उपलब्ध गराउने।
।

२- विपत कोष वाट रकम ब्यहोर्ने गरि विपत कामहरुका लागि रकम सम्बन्धमा ।

१) बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा २०७८ सम्मको वर्षाले क्षति पुऱ्याएका भौतिक संरचना मर्मत गर्न तथा विपद सम्बद्ध तपशिल बमोजिमका कार्यको लागि प्राविधिक मुल्याङ्कन एवं सम्पन्न कार्य प्रगतिका आधारमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउन सिफारिस गर्ने निर्णय गरियो ।

क) वडा नं. १ को मुक्तिनाथ गेटमा ग्याबियन जाली,

ख) वडा नं. २ को झोङमा ग्याबियन जाली,

ग) वडा नं. २ को छोङ्गुरमा बाटो र कुलोमा ग्याबियन जाली,

घ) वडा नं. ३ को तेताङमा बाटो र कुलो मर्मत

ङ) वडा नं. ३ को छुसाङमा खोलाको पुल पारी भत्केको मर्मत,

च) वडा नं. ४ को कागबेनीमा खानेपानी पाईप र कागबेनीमा रहेको टेलिफोन टावर सम्म विधुत आपुर्तिको नियमित व्यवस्था गर्न थ्री फेजको विधुत तार खरिद वापत प्राबिधिक स्टिमेट र कार्य प्रगतिका आधारमा भुक्तानि दिने,

छ) वडा नं. ५ को ढाकार्जुङमा महिला समुहको भवन मर्मत लगायत कामको विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने।

ज) आधारभुत अस्पताल निर्माणको लागि जग्गा सम्भाउने कार्य भएकाले उक्त कार्यको प्राविधिक मुल्याङ्कन अनुसार रकम भुक्तानि दिने निर्णय गरियो ।

झ) वडा नं. ४ पाण्डाखोलामा खोलाले बाटोमा क्षति पुर्याएको हुँदा उक्त बाटो दामोदरकुण्ड कन्स्ट्रक्शन प्रा.ली. को डोजर प्रयोग गरि मर्मत गरिएकोमा उक्त कार्य वापत प्राविधिक मुल्याङ्कन बमोजिमको रकम भुक्तानी गर्ने ।

२- विभिन्न समयमा भएको वर्षा एवं हिमपातको कारण भौतिक संरचनाहरुमा पुगेको क्षतिलाई मध्यनजर गरि देहायका कामहरुका लागि तोकिय बमोजिमको रकम छुट्टाउन बारागुङ मुक्तिक्षेत्र गाउँपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

१. खिंगा घेकु छोर्तेन मर्मत -रू. १ लाख ५० हजार
२. झारकोट केङी छोर्तेन मर्मत – रु. १ लाख
३. झोङ छोर्तेन मर्मत – रु. २ लाख
४. ताङ्बे छोर्तेन मर्मत – रु. २ लाख ५० हजार
५. तेताङ छोर्तेन मर्मत – रु. १ लाख ७० हजार
६. समर छोर्तेन मर्मत – रु. १ लाख
७. घ्याकर बत्ति बाल्ने कोठा मर्मत – रु. ५० हाजर
८. घ्याकर सिचाई कुलो मर्मत- रु २ लाख
९. फल्याक नाम्ग्याल मर्मत – रु. १ लाख
१०. पुराङ गाउँको छोर्तेन मर्मत – रु. १ लाख
११. शान्ता छोर्तेन मर्मत – रु. १ लाख
१२. कागबेनी धार्क्याङ छोर्तेन मर्मत – रु. ५० हजार
१३. चैले सिचाई कुलो मर्मत – रु. १ लाख
१४. कागबेनी तिङ्गघ्युर खेतको बाटोको कुलोमा ह्युम पाईप – रु. ५० हजार
१५. हिमपात बाट माटोको छानो भएको घरमा हुने क्षतिको लागि अनुदान उपलब्ध गराउनका लागि सिल पोलिथिन प्लाष्टिक खरिद – रु ५ लाख
१६. खिंगा- झारकोट पिच बाटो भासियको मर्मत – (प्राविधिक मुल्याङ्कन अनुसार भुक्तानि दिने)